**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल बैशाख ०७ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश पत्रकारिता पुरस्कार कार्यविधि, २०७९ स्वीकृत गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल बैशाख १४ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | खाद्य अधिकार तथा सम्प्रभुता सम्बन्धी नियमावली, २०७९ स्वीकृत गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्‌को मिति २०७९ साल बैशाख २१ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णय |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | कर्णाली प्रदेश सभाको नवौं अधिवेशन मिति २०७९/०१/२२ गते बिहीबार राती १२:०० बजेदेखि अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | आ.व. २०७८/०७९ को बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि कर्णाली प्रदेश विनियोजन ऐन, २०७८ को दफा १० को उपदफा (१) अनुसार देहाय बमोजिमको आदेश जारी गरी प्रदेश राजपत्रमा सूचना प्रकाशित गर्ने।<br>**<u>आदेश</u>**<br>➢ नवीनतम योजनाहरु लागू गर्न स्थानीय स्तरमा नवीनतम साझेदारी कोष परिचालन कार्यक्रममा संघीय सशर्त अनुदानको रुपमा कर्णाली प्रदेश सरकारलाई प्राप्त रु. सात करोड कार्यान्वयनको लागि आवश्यकता अनुसार स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने।<br>➢ कर्णाली प्रदेश विनियोजन ऐन, २०७८ को दफा ८ को उपदफा (१०) को प्रतिवन्धात्मक वाक्यांश अनुसार आ.व. २०७८/०७९ चैत मसान्त पछि वार्षिक विकास कार्यक्रम संशोधन सम्बन्धी प्रदेश सरकारमा रहेको अधिकार आर्थिक मामिला तथा योजना मन्त्रालयलाई प्रत्यायोजन गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल जेठ ४ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णय |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभाको दशौं अधिवेशन मिति २०७९/०२/१० गते मंगलबार दिनको २:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश भ्रमण खर्च (पहिलो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल जेठ ११ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णय |
|---|---|
| आर्थिक मामिला तथा योजना मन्त्रालय | गत वर्षको भुक्तानी हुन बाँकी र आर्थिक वर्ष २०७७।७८ को पूर्वाधार विशेष कार्यक्रम तर्फको भुक्तानी गर्न विषयगत मन्त्रालयको चालु आ.व.मा विनियोजित खर्च हुन नसक्ने रकम समेतबाट व्यवस्थापन गर्ने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई भुक्तानीको व्यवस्था मिलाउन स्वीकृति प्रदान गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल जेठ ११ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णय |
|---|---|
| आर्थिक मामिला तथा योजना मन्त्रालय | गत वर्षको भुक्तानी हुन बाँकी र आर्थिक वर्ष २०७७।७८ को पूर्वाधार विशेष कार्यक्रम तर्फको भुक्तानी गर्न विषयगत मन्त्रालयको चालु आ.व.मा विनियोजित खर्च हुन नसक्ने रकम समेतबाट व्यवस्थापन गर्ने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई भुक्तानीको व्यवस्था मिलाउन स्वीकृति प्रदान गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्‌को मिति २०७९ साल जेठ २५ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णय |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष ०७७/०७८ मा कार्यान्वयन भई भुक्तानी हुन बाँकी आयोजनाहरुमा निर्देशक समितिबाट तोकिएका शर्तहरुका आधारमा भुक्तानी दिन शर्तहरु सहित सम्बन्धित स्थानीय तह/ निकायहरुमा रु. २,२७,२६,२१४/- बजेट पठाउने। |
| सामाजिक विकास मन्त्रालय | स्वास्थ्य सेवा कार्यालयहरू मुगु, हुम्ला, कालिकोट र डोल्पालाई Infra-scanner Machine खरिदको लागि रू. ३० लाखका दरले जम्मा रू. १ करोड २० लाख बजेट सामाजिक विकास मन्त्रालयमा रहेको कोभिड-१९ महामारी नियन्त्रण कार्यक्रम अन्तर्गत मेशिनरी औजार तथा उपकरण खरिदका लागि मौज्दात बजेटबाट उपलब्ध गराउने । |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल असार १ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णय |
|---|---|
| आर्थिक मामिला तथा योजना मन्त्रालय | आगामी आर्थिक वर्ष २०७९/०८० को आय व्यय अनुमानको विवरण (बजेट) प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | "कर्णाली प्रदेश आर्थिक विधेयक, २०७९" र "कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९" प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा। |